बैकिङ्ग प्रविधिलाई चुस्त दुरुस्त राख्न सफ्टवेयर तथा हार्डवेयरमा समय सापेक्ष हेरफेर गर्नुपर्ने भएमा थप खर्च बढ्न सक्नेछ । साथै बैंकले निरन्तररुपमा प्रविधि परिवर्तनबाट सिर्जित हुन सक्ने जोखिमहरुलाई मध्यनजर गरि आवश्यक तालिम तथा विज्ञहरुको सुझावहरु समय समयमा लिईरहेको ।

(ट) अन्य :
- बैंकले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिमहरु ।
- देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
- देशको आर्थिक अवस्थामा आउने उतार-चढावबाट हुन सक्ने जोखिमहरु ।

उपरोक्तानुसारको जोखिमहरुलाई न्यून वा व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्थापनको योजना :
बैंकको कर्जा तथा लगानी खराव भई हुन सक्ने जोखिमहरुको लागि बैंकले कर्जा तथा लगानीको लागि जोखिम व्यहोर्ने कोषको व्यवस्था गरेको छ । बैंकले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति विकासमा ध्यान पुऱ्याउनुको साथै अन्य व्यवसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी-नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी-नोक्सानी कम गर्न सक्षम र प्रतिवद्ध रहेको छ । यसको अलावा आफ्नो सेवालाई अझ गुणस्तरीय र प्रतिस्पर्धी बनाई उपभोक्तामुखी सेवाहरु प्रदान गरी मध्यकालीन तथा दीर्घकालीन कर्जा सापटीहरु खराब कर्जामा परिणत भई उत्पन्न हुने जोखिम कम गर्नका लागि बैंकले प्रभावकारी कर्जा नीति अवलम्वन गरेको छ । त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवं समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने बैंकको नीति रहेको व्यहोरा जानकारी गराउंछौ ।

धितोपत्रका मूल्य परिवर्तन सम्बन्धी जोखिम :
रु.१,०००/- प्रति ऋणपत्रको दरले निष्काशन गरिएको ऋणपत्रको नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचीकरण भए पश्चात् धितोपत्र बजारमा हुने कारोवारमा उतार चढाव आउन सक्ने भएकाले ऋणपत्रको मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

१३. ऋणपत्र निष्काशन सम्बन्धी विवरण :

(क) यस विवरण-पत्र मार्फत निष्काशन गर्न लागिएको "१०.१५% प्राइम डिबेञ्चर २०८४" सम्बन्धी विवरण देहाय बमोजिम रहेको छः

(अ) ***ऋणपत्र निष्काशनको शर्त, बन्देजहरु :*** ऋणपत्र निष्काशन सम्बन्धी शर्त र बन्देज यस विवरणपत्रको बुँदा नम्बर १०(छ) मा उल्लेख गरिएको छ ।

(आ) ***ऋणपत्रको अवधि (Maturity Period) :*** यस ऋणपत्रको अवधि ऋणपत्रको बाँडफाँड भएको दिनबाट पाँच वर्षको हुनेछ । सो अवधि पश्चात् कम्पनीले यस ऋणपत्रको साँवा र अन्तिम किस्ताको तिर्न बाँकी ब्याज रकम एकमुष्ट भुक्तानी गर्नेछ ।

(इ) ***निष्काशन गरिने ऋणपत्रको रकम :*** पाँच वर्ष अवधि तथा वार्षिक १०.१५ प्रतिशत ब्याजदर भएको रु.५ अर्ब बराबरको प्रति डिबेन्चर रु. १,०००/- अंकित मूल्यका ५०,००,००० कित्ता मध्ये ४० प्रतिशत अर्थात २० लाख कित्ता डिबेन्चरले हुन आउने कुल रु. २ अर्ब ऋण पूँजी रकम (५% अर्थात १००,००० कित्ता सामुहिक लगानी कोषका लागि छुट्याईएको समेत) सर्वसाधारण नेपालीको लागि, सार्वजनिक निष्काशनबाट बिक्री गरिने तथा ६० प्रतिशतको दरले ३० लाख कित्ता डिबेन्चरले हुन आउने कुल रु. ३ अर्ब ऋणपूँजी रकम व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने ।

(ई) ***ऋणपत्र साधारण शेयरमा परिवर्तन हुने वा नहुने :*** यस विवरणपत्र अनुसार निष्काशन गरिने ऋणपत्र ५ (पाँच) वर्षको अवधि पश्चात एकमुष्ट रुपमा फिर्ता गरिने भएकाले उक्त ऋणपत्र साधारण शेयरमा परिणत नहुने ।

(उ) ***ऋणपत्रको ब्याजदर (Coupon Interest Rate) र ब्याज भुक्तानी गर्ने अवधि/समय (Interest Payment Period) :*** यस ऋणपत्रको वार्षिक ब्याजदर १०.१५% हुनेछ । यस ऋणपत्रमा आर्जित ब्याज रकममा आयकर ऐन अनुसार व्यक्तिगत लगानी कर्ताहरुले हाल कायम ५ प्रतिशत तथा संस्थागत लगानीकर्ताहरुले १५ प्रतिशत कर लाग्नेछ । यस ऋणपत्रमा आर्जित ब्याज रकम प्रत्येक आर्थिक वर्षको प्रथम अर्धवार्षिक (पौष मसान्त) र द्वितीय अर्धवार्षिक (आषाढ मसान्त) समाप्त भए पश्चात् भुक्तानी दिइनेछ । ब्याज रकम भुक्तानी दिँदा प्रथम अर्धवार्षिक (पौष मसान्त) समयसम्म यस ऋणपत्रमा आर्जित ब्याज रकम हरेक वर्षको माघ १ गते देखि र द्वितीय अर्धवार्षिक (आषाढ मसान्त) समयसम्म यस ऋणपत्रमा आर्जित ब्याज रकम उक्त वर्षको श्रावण १ गते देखि भुक्तानी गरिनेछ । साथै ब्याज भुक्तानी गर्ने सम्बन्धमा ऋणपत्रधनीहरुको डिम्याट खातामा उल्लेख भएको बैंक खाता मार्फत भुक्तानी गर्ने प्रबन्ध सम्बन्धित शेयर रजिष्ट्रार वा स्वयं बैंक आफैंले प्रबन्ध गर्नेछ ।

(ऊ) ***ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserves) सम्बन्धी व्यवस्था :*** प्राइम कमर्सियल बैंक लिमिटेडले जारी गर्ने "१०.१५% प्राइम डिबेञ्चर २०८४" स्रोत परिचालनको लागी निष्काशन गर्ने हुनाले नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशिन २०७८ को निर्देशन नं १६ (५) ले दिएको व्यवस्था अनुसार बैंक तथा वित्तीय संस्थाले स्रोत परिचालन गणना हुने गरी ऋणपत्र जारी गरेमा भुक्तानी कोष (Capital Redemption Reserve) मा रकम जम्मा गर्न अनिवार्य नरहेकोले सो कोषमा जम्मा गर्ने व्यवस्था नरहेको । उक्त भुक्तानी दिने अवधिमा बैंकले तरलताबाट भुक्तानीको व्यवस्था गर्नेछ वा सो अवधिमा अन्य ऋणपत्र जारी गरी भुक्तानीको व्यवस्था गरिनेछ ।

(ए) ***ऋणपत्रवालाहरुको अधिकार :*** यस विवरणपत्र मार्फत निष्काशन हुने ऋणपत्र खरिद गर्ने ऋणपत्रवालाहरुलाई कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानून बमोजिम ऋणपत्रवालालाई प्राप्त हुने सम्पूर्ण हक, सुविधा प्राप्त हुनेछ । तर त्यस्ता ऋणपत्रवालाहरुलाई साधारण सभामा उपस्थित हुने तथा मतदान गर्ने अधिकार हुने छैन । कथंकदाचित बैंक टाटपल्टेमा यस विवरण-पत्र मार्फत निष्काशित ऋणपत्रको भुक्तानी निक्षेपकर्ताहरु भन्दा पछाडि मात्र हुनेछ ।

(ऐ) ***खण्डित अवधिको ब्याज भुक्तानी सम्बन्धमा :*** ऋणपत्रमा आवेदन गर्ने प्रत्येक आवेदकलाई निजले आवेदन गरेको रकममा आवेदन गरेको मितिदेखि बाँडफाँड हुने दिनसम्मको अवधिका लागि प्रचलित बचतको (यस बैंकको कुनै एक प्रकारको प्रचलित ब्याजदर) ब्याजदरले खण्डित अवधिको ब्याज (Broken Period Interest) प्रदान गरिनेछ ।

(ख) संगठित संस्थाको सम्पत्तिमा ऋणपत्रवालाको हक सम्बन्धी विवरणः
स्वीकृत विवरणपत्र मार्फत निष्काशन हुने ऋणपत्र बैंकको सम्पत्ति सुरक्षण नराखी निष्काशन गरिएको असुरक्षित ऋण (Unsecured Debt) भएको र कथंकदाचित बैंक टाट पल्टिएमा अन्य सुरक्षित साहु र निक्षेपकर्ता भन्दा पछि मात्र भुक्तानीमा प्राथमिकता हुने गरी निष्काशन गरिएको सहायक ऋण (Subordinate Debt) भएको हुँदा प्रचलित कानूनले प्रदान गरेको बाहेक कम्पनीको सम्पत्तिमा ऋणपत्रधनीको कुनै निर्दिष्ट हक (Specific Charge) अधिकार हुने छैन । बैंकको सम्पत्तिमा सुरक्षित साहु र निक्षेपकर्ताको प्रथम हक लाग्नेछ, २०७८ चैत्र मसान्तसम्ममा निजहरुको हक कायम हुने रकम रु. १,५६,०२,७९,१८,०९५/- (अक्षरुपी एक खर्ब छप्पन्न अर्ब दुई करोड उनासी लाख अठार हजार पन्चान्नब्बे मात्र) रहेको छ ।

(ग) ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाको नाम, ठेगाना तथा कम्पनी र ट्रष्टीबीच भएको सम्झौता (Turstee Deed) को प्रमुख बुँदाहरुः

(अ) ***ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाको नाम तथा ठेगाना :*** ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धकको प्रमाण-पत्र प्राप्त धितोपत्र व्यवसायी श्री सानिमा क्यापिटल लिमिटेड, सम मार्ग, नक्साल, काठमाडौं रहेको छ ।

(आ) ***ऋणपत्र ट्रष्टी भए बापत लिने सेवा शुल्क :*** यस विवरण-पत्र मार्फत सर्वसाधारणमा तथा व्यक्तिगत तवरबाट विभिन्न व्यक्ति वा संघ संस्थाहरुलाई बिक्री गरिने ऋणपत्रको ट्रष्टीको रुपमा नियुक्त श्री सानिमा क्यापिटल लिमिटेड सम मार्ग, नक्साल, काठमाडौंलाई निजले उक्त सेवा प्रदान गरे वापत बार्षिक रु. १०,०००/- (अक्षरेपी दश हजार मात्र) रकम ट्रष्टी सेवा उपलब्ध गराएको समयावधिका लागि सेवा शुल्कको रुपमा दिइनेछ ।

(इ) ***ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले तोकेको व्यक्तिको नाम तथा पद योग्यता तथा अनुभव :*** ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले उक्त कम्पनीको मर्चेण्ट बैकिङ्ग प्रमुख श्री रश्मी रिजाललाई सम्पर्क व्यक्तिको रुपमा तोकेको छ । निजले एम.बि.एस. सम्मको शैक्षिक योग्यता हासिल गरी करिब १८ बर्ष भन्दा बढी बैकिङ्ग तथा मर्चेन्ट बैकिङ्ग क्षेत्रको कार्य अनुभव हासिल गर्नु भएको छ ।

(ई) ***ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले सम्बन्धित पक्षको गुनासो सुन्ने र समाधान गर्ने सम्बन्धमा गरेको व्यवस्था :*** ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले सम्बन्धित पक्षको गुनासो सुन्ने र सो को समाधान गर्ने सम्बन्धमा तोकिएको सम्पर्क व्यक्ति मार्फत वा ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाको कार्यालय मार्फत आवश्यक व्यवस्था गरेको छ । साथै गुनासोहरु लिखित रुपमा ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा जम्मा गराउनु पर्नेछ । लगानीकर्ताहरुले देहायको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझाब प्रेषित गर्न सक्ने छन्ः
गुनासो सुन्ने अधिकारीको नाम : श्री रश्मी रिजाल
इमेल : rashmirijal.sc@sanimabank.com, फोन नं. ०१-४५४०५०८

(उ) ***ऋणपत्र निष्काशन गर्ने बैंक र ऋणपत्रवालाहरुको हित संरक्षण गर्न ट्रष्टीको रुपमा काम गर्ने ऋणपत्र ट्रष्टी बीच कम्पनी ऐन, २०६३ बमोजिम सम्झौता भएको कुरा :*** ऋणपत्र निष्काशन गर्ने बैंक र ऋणपत्रवालाहरुको हित संरक्षण गर्न ट्रष्टीको रुपमा काम गर्ने ऋणपत्र ट्रष्टी बीच कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था अनुरुप सम्झौता गरिएको छ । सम्झौतामा भएका प्रमुख बुँदाहरु :
- बैंकले ऋणपत्र निष्काशन गरेको अवस्थाको आधारमा ऋणपत्र ट्रष्टीले ऋणपत्र बाहकको तर्फबाट ऋणपत्र बाहकको हकहितको लागि कार्य गर्नेछ ।
- ऋणपत्र परिपक्व भएको मितिमा रकम पुनर्भुक्तानीको व्यवस्था बैंक आफैले गर्नेछ ।
- यस सम्झौताको सम्पूर्ण शर्तहरु पालना गर्ने उत्तरदायित्व बैंकको रहेको छ । सो कार्य गर्न बैंक असमर्थ भएमा, ऋणपत्र ट्रष्टीले कम्पनी ऐन, २०६३ को धारा ३९, ४०, ४१ अनुरुपको भुमिका निर्वाह गरी ऋणपत्र बाहकको रकम पुनर्भुक्तानी गराउनेछ ।
- ऋणपत्र ट्रष्टीले ऋणपत्र बाहकहरुको हितलाई ध्यानमा राखी आफ्नो दक्षता अनुरुपको कार्य गर्नेछ । तर, ऋणपत्र बाहकले सम्झौताको दौरानमा कुनै प्रकारको हानी-नोक्सानी व्यहोर्न परेमा सो उपर ऋणपत्र ट्रष्टी जवाफदेही हुने छैन ।
- यदि आवश्यक परेमा प्रचलित कानुनको अधिनमा रहेर ऋणपत्र ट्रष्टीलाई ऋणपत्र बाहकको हैसियतले उनीहरुको लगानी तथा ब्याजको सुरक्षाको लागि सबै कानुनी अधिकार प्राप्त हुनेछ ।
- बैंक खारेजी भएमा, सो बखत ऋणपत्र ट्रष्टीले ऋणपत्र बाहकको साँवा रकमको सुरक्षाको लागि कानुनी प्रतिनिधिको भूमिका निर्वाह गर्नेछ । खारेजीको अवस्थामा प्राथमिकताको आधारमा निक्षेपकर्ताको रकम भुक्तानी पश्चात् मात्र ऋणपत्र बाहकलाई उसको साँवा वापतको रकम प्रदान गरिनेछ । यस सन्दर्भमा भएका प्रत्यक्ष खर्च सबै बैंकले वास्तविक खर्चको आधारमा ब्यहोर्नेछ ।

(ऊ) ***ऋणपत्र ट्रष्टीको अधिकार र दायित्व, ऋणपत्र ट्रष्टीले जाँचबुझ गर्न र विवरण माग गर्न सक्ने, ऋणपत्र ट्रष्टीलाई ऋणपत्रवालाहरुको अधिकार हुने आदि व्यवस्थाहरु कम्पनी ऐन, २०६३ अनुरुप भएको कुरा :*** ऋणपत्र ट्रष्टीको अधिकार र दायित्व, ऋणपत्र ट्रष्टीले जाँचबुझ गर्न र विवरण माग गर्न सक्ने, ऋणपत्र ट्रष्टीलाई ऋणपत्रवालाहरुको अधिकार हुने आदि व्यवस्थाहरु कम्पनी ऐन, २०६३ अनुरुप गरिएको छ ।

(ए) ***ऋणपत्र ट्रष्टी र बैंक बीच भएको सम्झौताको प्रति नेपाल धितोपत्र बोर्डमा दर्ता गरिएको कुरा :*** ऋणपत्र ट्रष्टी र कम्पनी बीच भएको सम्झौताको प्रति नेपाल धितोपत्र बोर्डमा दर्ता गरिएको छ ।

(ऐ) ***ऋणपत्र ट्रष्टी र बैंक बीच भएको सम्झौता तथा अन्य आवश्यक व्यवस्थाहरु ऋणपत्रवालाले हेर्न वा जान्न चाहेमा सो उपलब्ध गराउने सम्बन्धमा गरिएको व्यवस्था :*** ऋणपत्र ट्रष्टी श्री सानिमा क्यापिटल लिमिटेड र बैंक बीच भएको सम्झौता तथा अन्य आवश्यक व्यवस्थाहरु ऋणपत्रवालाले हेर्न वा जान्न चाहेमा ऋणपत्र ट्रष्टी वा कम्पनीको रजिष्टर्ड कार्यालयमा वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको रजिष्टर्ड कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखी हेर्न वा जान्न सकिने व्यवस्था गरिएको छ । ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धकको प्रमाण-पत्र प्राप्त धितोपत्र व्यवसायी श्री सानिमा क्यापिटल लिमिटेड रहेको छ ।

(ओ) ***अन्य :***
१. ऋणपत्र ट्रष्टीले डिबेन्चरवालाहरुको हित संरक्षण गर्ने ।
२. कम्पनीले ऋणपत्र ट्रष्टीलाई आफ्नो वित्तीय कारोवारको परिष्कृत आर्थिक विवरण आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र अनिवार्य रुपमा पठाउनु पर्ने ।
३. ऋणपत्र ट्रष्टीले ऋणपत्रको ब्याज भुक्तानी अनुगमन गर्ने ।

(घ) परिवर्तनशील ऋणपत्र जारी गरिने भएमा ऋणपत्रको परिवर्तन अनुपात, मूल्य, प्रिमियम तथा परिवर्तन मिति, मताधिकारको ब्यवस्था :
सो नभएको ।

(ङ) ऋणपत्र जारी गर्नुको उद्देश्य तथा सम्पन्न हुने कार्य योजनाः
कम्पनीले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिहरुलाई विस्तार गर्नका लागि आवश्यक स्रोत परिचालन गर्न र विस्तृत जानकारी बुँदा नं १० मा उल्लेख गरिएको ।

(च) जारी पूँजी चुक्ता भएको/नभएको :
जारी पूँजी सम्पूर्ण चुक्ता भएको ।

(छ) यस भन्दा अगाडी जारी भएको ऋणपत्रको विवरण :
यस अघि "८.७५% प्राइम डिबेन्चर २०८५" नामको आठ वर्ष अवधि तथा वार्षिक ८.७५ प्रतिशत ब्याजदर भएको रु. २,४४,७९,६३,०००/- बराबर तथा १०% प्राइम डिबेन्चर २०८८" नामको १० बर्ष अवधि तथा १० प्रतिशत ब्याजदर भएको रु. १,७४,१८,८४०००/- बराबरको ऋणपत्र जारी गरेको छ ।

(ज) नेपाल राष्ट्र बैंकले डिबेन्चर जारी गर्नका लागि दिएको शर्तहरु :
नेपाल राष्ट्र बैंकले डिबेन्चर जारी गर्नका लागि दिएका शर्तहरु निम्नानुसार रहेको छ ।
१. प्रस्तावित ऋणपत्र कुनै पनि सुरक्षण नराखी निष्काशन गर्नुपर्ने ।
२. ऋणपत्रको अवधि ५ वर्षको हुने ।
३. ऋणपत्रको बार्षिक ब्याजदर १०.१५ प्रतिशत हुनुपर्ने, ऋणपत्रमा प्रदान गरिने ब्याज अर्धवार्षिक रुपले ६/६ महिना (श्रावण १ र माघ १) मा भुक्तानी गर्नुपर्ने, ब्याजदर परिवर्तन गर्न नपाईने र आर्जित ब्याज रकममा आयकर ऐन अनुसार कर लाग्ने व्यवस्था गर्नुपर्ने ।
४. बैंक बिघटन भएको अवस्थामा ऋणपत्रको भुक्तानी निक्षेपकर्ता भन्दा पछि मात्र हुने ।
५. ऋणपत्र जारी भएको मितिले बढीमा ६ महिना भित्रमा नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचीकृत गर्नुपर्ने ।
६. प्राइम कमर्सियल बैंक लिमिटेड बाहेक अन्य बैंक तथा बित्तीय संस्थाबाट उक्त ऋणपत्र धितो राखी ऋण लिन सकिने व्यबस्था गर्नुपर्ने ।
७. ऋणपत्र निष्काशन गर्नु अधि विवरणपत्र यस बैंकमा दर्ता गरी सहमति लिएर मात्र प्रकाशित गर्नुपर्ने ।
८. प्रस्तावित ऋणपत्र स्रोत परिचालनमा गणना हुने गरि जारी गर्नुपर्ने ।
९. Private Placement को आधारमा बिक्री गरिने ऋणपत्रको सम्बन्धमा कुनै संघ/संस्थासंग अग्रीम सम्झौता भएको भए सो सम्झौताको प्रमाणित प्रतिलिपि नेपाल राष्ट्र बैंकमा पेश गर्नुपर्ने ।
१०. यदि कुनै पक्षले सो पक्षलाई छुट्याएको डिबेञ्चर खरिद नगरेमा सो डिबेञ्चर अर्को पक्षलाई खरिद गर्ने व्यवस्था गर्नुपर्ने ।
११. ऋणपत्रमा आवेदन गर्ने प्रत्येक आवेदकलाई निजले आवेदन गरेको रकममा आवेदन गरेको मितिदेखि बाँडफाँड हुने दिनसम्मको अवधिका लागि प्रचलित बचतको (त्यस बैंकको कुनै एक प्रकारको प्रचलित ब्याजदर) ब्याजदरले खण्डित अवधिको ब्याज (Broken Period Interest) प्रदान गर्नुपर्ने र सो विषय विवरणपत्रमा स्पष्ट उल्लेख गर्नुपर्ने ।

१४. ऋणपत्र निष्काशनको उद्देश्य र प्राप्त रकमको उपयोग :

कम्पनीले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिहरुलाई बिस्तार गर्नका लागि आवश्यक स्रोत परिचालन गर्न ।

क्र.सं.	कर्जा शिर्षक	प्रतिशत (%)	रकम (रु.दश लाख)
१.	नेपाल राष्ट्र बैंकबाट स्वीकृत क्षेत्रमा कर्जा लगानी	९०	४,५००
२.	तरलता तथा व्यवसाय विस्तार	१०	५००
	जम्मा	१००	५,०००

कर्जा कारोवारमा विविधता ल्याउन स-साना परियोजना देखि अतिरिक्त ठूला-ठूला परियोजना एवं उद्योग क्षेत्रमा कर्जा प्रवाह गरी देशको उद्योग धन्दाको विकासमा सहयोग गर्न अनिवार्य भएको हुनाले नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम स्रोत परिचालन गर्नका लागी उपयोग गरिनेछ । ऋणपत्र जारी पश्चात् प्राप्त रकमबाट यस बैंकले लगानी बढाउने तथा नयाँ शाखा कार्यालयहरुको भौतिक पूर्वाधार बढाइने, बैंकको सूचना प्रविधिको विकास गर्ने तथा बैंकको स्थायित्व, विकास तथा विस्तारको लागि दीर्घकालीन दृष्टिकोण एवं प्रतिस्पर्धात्मक भईरहन उपयुक्त देखिए बमोजिम बैंकको स्थिर सम्पत्ति सृजना गरि वृद्धि गर्दै लगिनेछ । यसरी प्राप्त हुने रकमबाट बैंकको कर्जा निक्षेप अनुपात गणना गर्दा स्रोत परिचालनको रुपमा गणना गरिनेछ ।

१५. धितोपत्रको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था :

(अ) अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकृया :
यस विवरणपत्र मार्फत जारी गरिएका ऋणपत्र जारी संख्या भन्दा बढी संख्यामा ऋणपत्र खरिदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार ऋणपत्रहरु बाँडफाँड गरिनेछ र ऋणपत्र बाँडफाँड सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ । यदि निष्काशन गरिएको ऋणपत्रको संख्या भन्दा कम ऋणपत्र खरिदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित व्यवस्था तथा निर्देशन बमोजिम सञ्चालक समितिले निर्णय गरी बिक्री वितरण तथा बाँडफाँड रनेछ । कुनै एक समूहबाट निष्काशन गरिएको ऋणपत्र भन्दा बढीको आवेदन प्राप्त भई अर्को समूहमा निश्काशन गरिए भन्दा कम ऋणपत्र खरिदका लागि आवेदन प्राप्त हुन आएमा बढि माग भए बराबरको ऋणपत्र अर्को समूहमा थप गरि बाँडफाँड गरिने छ ।

(आ) अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था :
"धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" अनुरुप सि-आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट मात्र आवेदन दिन सक्नेछ र आवेदकहरुको सम्बन्धित बैंक तथा वित्तीय संस्थाले नै बाँडफाँडमा नपर्ने लगानीकर्ताको धितोपत्र खरिदको आवेदन बमोजिम रोक्का राखेको खाताको रकम मात्र रोक्का फुकुवा गरिदिनेछ ।

(इ) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर :
उपरोक्त ब्यवस्था सि-आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट आवेदन दिने आवेदकहरुको हकमा लागु हुने छैन तथा व्यक्तिगत तबरबाट निवेदन दिने आवेदकहरुको हकमा प्रचलित कल निक्षेपको न्यूनतम ब्याजदर प्रदान गरिनेछ ।

(ई) धितोपत्र बाँडफाँड तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधि :
निष्कासन गरिने डिबेन्चर प्रचलित धितोपत्र निष्कासन निर्देशिका, तथा प्रचलित धितोपत्र बाँडफाँड सम्बन्धी व्यवस्था अनुसार डिबेन्चरको बाँडफाँड गरी तोकिएको समयावधि भित्र डिम्याट खातामा जम्मा गरिनेछ ।

यस विवरणपत्र अनुसार जारी गरिएको डिबेन्चरहरु धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा नेपाल धितोपत्र बोर्डको प्रचलित व्यवस्था अनुसार निर्धारित समय भित्र बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा जनाइ प्रचलित व्यवस्था अनुसार निर्धारित अवधिभित्र बाँडफाँडबाट कायम भएका ऋणपत्रधनीहरुलाई धितोपत्र डिम्याट खातामा स्थानान्तरण गरिनेछ साथै ब्याज भुक्तानी गर्ने सम्बन्धमा ऋणपत्रधनीहरुको डिम्याट खातामा उल्लेख भएको बैंक खाता मार्फत भुक्तानी गर्ने प्रबन्ध सम्बन्धित शेयर रजिष्ट्रार वा स्वयं कम्पनी आफैंले प्रबन्ध गर्नेछ ।

(उ) धितोपत्र सूचीकरण भई सकेको भए, त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्रको कारोवार शुरुहुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धी विवरण : सो नभएको ।

(ऊ) धितोपत्र सूचीकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्र प्रचलित ऐन नियम अनुसार सहज खरिद, बिक्री वा विनिमय हुन सक्ने गराउनका लागि गरिने व्यवस्था सम्बन्धी विवरण :
निष्कासन गरिने ऋणपत्रको बाँडफाँड पश्चात् धितोपत्र निष्कासन निर्देशिकामा भएको व्यवस्था अनुसार निर्धारित अवधिभित्र सर्वसाधारणलाई सार्वजनिक निष्काशन गरिने धितोपत्र सूचीकरण गराई ऋणपत्र खरिद बिक्रीको व्यवस्था मिलाइने छ ।

१६. नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणांकमा लिन सक्ने हो सो सम्बन्धी विवरणः

१. कम्पनीको प्रबन्ध-पत्र तथा नियमावली रजिष्टर्ड (केन्द्रीय) कार्यालय, काठमाडौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. २८, कमलपोखरी, काठमाण्डौ, नेपालमा र यस निष्काशन कार्यका लागि नियुक्त धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक सानिमा क्यापिटल लिमिटेड, सम मार्ग, नक्साल, काठमाडौमा कार्यालय समयभित्र सम्पर्क राखी प्राप्त गर्न सकिने छ ।
२. प्रत्येक आवेदकले कम्तीमा २५ कित्ता र अधिकत्तम १०,००,००० कित्ता डिबेन्चर खरिदका लागि आवेदन दिन सकिनेछ । न्यूनतम कित्ता भन्दा बढी कित्ताका लागि आवेदन गर्न चाहेमा १ अङ्कले भाग जाने संख्यामा अधिकत्तम १०,००,००० कित्ताको सिमा भित्र आवेदन गर्न सकिनेछ ।
३. यस विवरणपत्र मार्फत निष्काशन गरिने डिबेन्चर खरिदका लागि दरखास्त दिँदा दरखास्तवालाले दरखास्त साथ आफुले खरिद गर्न चाहेको ऋणपत्र संख्याको प्रति ऋणपत्र वापत रु. १,०००/- का दरले हुन आउने एकमुष्ट रकम यस निष्काशनको लागि तोकिएको सि-आस्बा (C-ASBA) सदस्य रहेको बैंक तथा वित्तीय संस्थामा जम्मा गरी आवेदन दिन सक्नेछन् ।

१७. आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरु :

१. कुनै पनि नेपाली नागरिकले यस विवरणपत्र अनुसार जारी गरिने ऋणपत्र खरिद गर्न आवेदन दिन सक्नेछन् । निष्काशित सम्पूर्ण धितोपत्रका लागि सर्वसाधारण नेपाली नागरिकबाट आवेदन नआएको खण्डमा मात्र नेपाली संघ संस्था वा कम्पनीले आवेदन दिन मिल्नेछ र सो को जानकारी निष्काशन तथा बिक्री प्रबन्धकले सार्वजनिक सूचना मार्फत जानकारी गराउनेछ ।
२. दरखास्त दिँदा सि-आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्था मार्फत आवेदन फारम बुझाउनु पर्नेछ र सोही संस्थाबाट उपलब्ध गराईने आवेदन फारममा उल्लेखित सम्पूर्ण विवरणहरु स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने छ । सो सम्बन्धी अन्य प्रकृया तथा शुल्क सम्बन्धी व्यवस्था सम्बन्धित सि-आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाले आफ्नो कार्यालयको सूचना पाटी, वेबसाईट वा राष्ट्रिय स्तरको दैनिक पत्रपत्रिकामा प्रकाशित गरी तोके बमोजिम हुनेछ ।
३. आवेदकहरुले आवेदन दिदा आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय रहेको हुनु हुदैन ।
४. संयुक्त रुपमा ऋणपत्र खरिद गर्न चाहने दरखास्तवालाहरुले बढीमा दुई जनाको नाममा दरखास्त दिन सक्नेछन् । यसरी संयुक्त रुपमा दरखास्त दिने दरखास्तवालाहरुले ऋणपत्र खरिद गर्नका लागि छुट्टै दरखास्त दिन पाईने छैन । संयुक्त रुपमा आवेदन दिने दरखास्तवालाहरुसँग पत्राचार वा अन्य कुनै कार्य गर्दा दरखास्त फारममा पहिलो नाम उल्लेख भएको व्यक्तिसँग गरिनेछ ।
५. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको ऋणपत्रको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।
६. एक व्यक्तिले रु. ५,००,०००/- (अक्षरुपी रु. पाँच लाख) भन्दा बढीको आवेदन दिदा स्थायी लेखा नम्बर (PAN) पेश गर्नु पर्नेछ ।
७. रितपूर्वक प्राप्त नभएको दरखास्त फारमलाई ऋणपत्र बाँडफाँडमा समावेश गरिने छैन र सो को जिम्मेवार दरखास्तवाला स्वयं हुनेछ ।
८. धितोपत्र खरिदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरिद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारमलाई रद्द गरिने हुँदा सो कुराको जानकारी आवेदक स्वयंले बुझ्नु पर्नेछ ।

व्यक्तिगत तवर (Private Placement) को हकमाः

(अ) ***निष्काशन गरिने डिबेन्चर संख्या :*** पाँच वर्ष अवधि तथा वार्षिक १०.१५ प्रतिशत ब्याजदर भएको रु. ५ अर्ब बराबरको प्रति डिबेन्चर रु. १,०००/- अंकित मूल्यका ५०,००,००० कित्ता मध्ये ३० लाख कित्ता डिबेन्चरले हुन आउने कुल रु. ३ अर्ब ऋणपूँजी रकम व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने ।

(आ) ***लिनुपर्ने न्यूनतम डिबेन्चर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :*** यस विवरण मार्फत निष्काशन गरिने डिबेन्चर खरिदका लागि दरखास्त दिँदा दरखास्तवालाले कम्तीमा २५ र सोभन्दा बढीका लागि आवेदन गर्न चाहेमा १ अङ्कले भाग जाने संख्यामा दरखास्तसाथ आफूले खरिद गर्न चाहेको ऋणपत्र संख्याको प्रति ऋणपत्र वापत रु. १,०००/- का दरले हुन आउने एकमुष्ट रकम यस निष्काशनको लागि यस बैंकको सम्पूर्ण शाखा कार्यालयहरु तथा बिक्री प्रबन्धक सानिमा क्यापिटल लिमिटेड, सम मार्ग, नक्साल, काठमाडौमा जम्मा गरी आवेदन दिन सक्नेछन् ।

(इ) ***डिबेन्चर बिक्री खुल्ला अवधि :*** यस निष्काशन व्यक्तिगत तवरबाट गरिने भएकोले धितोपत्र बोर्डबाट स्वीकृति पश्चात् खुल्ला हुनेछ र सार्वजनिक निष्काशनसँगै बन्द हुनेछ ।

(ई) ***डिबेन्चर खरिदका लागि पूर्ण आवेदन प्राप्त नभई बाँकी रहन गएका डिबेन्चरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :*** डिबेन्चर खरिद खुल्ला अवधिमा सम्पूर्ण डिबेन्चर बिक्री नभई बाँकी रहन गएमा त्यसरी बाँकी रहन गएका डिबेन्चरहरुको सम्बन्धमा सार्वजनिक निष्काशन गर्न लागिएको डिबेन्चरको सार्वजनिक निष्काशन (Public Issue) मार्फत बिक्री गरिनेछ ।

(उ) ***डिबेन्चर खरिद गर्न चाहने आवेदकहरुले पालना गर्नुपर्ने मुख्य कुराहरु :***
१. कुनै पनि नेपाली संघ संस्थाले यस विवरण अनुसार जारी गरिने ऋणपत्र खरिद गर्न आवेदन दिन सक्नेछन् । आवेदकले आफुले लिन चाहेको ऋणपत्र, अधिकतम सिमा खुल्ने गरि यहि बैंकको बिक्री प्रबन्धक तथा बैंकलाई लिखित रुपमा निवेदन पेश गर्नुपर्ने छ ।
२. आवेदन दिँदा आफुले खरिद गर्न चाहेको ऋणपत्र संख्या र त्यसको रकम खुलाई आवेदन दिनुपर्नेछ ।
३. आवेदन फारम नेपाली वा अंग्रेजी कुनै एक भाषामा पेश गर्नुपर्नेछ ।
४. आवेदकले आवेदनसाथ आफुले खरिद गर्न चाहेको ऋणपत्र संख्याको प्रति ऋणपत्र रु. १,०००/- को दरले हुन आउने रकम बराबरको सानिमा क्यापिटल लिमिटेडको नाममा खिचिएको बैंक ड्राफ्ट/चेक संलग्न भएको हुनुपर्नेछ । यसरी बैंक ड्राफ्ट/चेक मार्फत रकम बुझाउनु हुने आवेदकहरुले आवेदनमा सो ड्राफ्टको नम्बर र ड्राफ्टको पछाडि आवेदकको नाम अनिवार्य रुपमा खुलाउनु पर्नेछ । यसको अलावा, सानिमा क्यापिटल लिमिटेड वा बैंकको नाममा A/C Transfer गरी Credit Advice निवेदनको साथमा संलग्न पनि गर्न सकिने छ ।
५. कम्पनी वा संस्थाले ऋणपत्रका लागि आवेदन दिँदा कम्पनी वा संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपि र लगानी गर्ने सम्बन्धमा सञ्चालक समितिको निर्णय समावेश गरेको हुनुपर्नेछ ।
६. रु. ५,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनु पर्नेछ । यस अतिरिक्त रु. १०,००,०००/- वा सो भन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

१८. विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :

क्र.सं.	विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना
१.	सानिमा क्यापिटल लिमिटेड, सममार्ग, नक्साल, काठमाडौं, नेपाल र वेवसाइट : www.sanima.capital
२.	प्राइम कमर्सियल बैंक लिमिटेडको रजिष्टर्ड केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ र वेवसाइट : www.primebank.com.np
३.	नेपाल धितोपत्र बोर्ड खुमल्टार, ललितपुर र वेवसाइट : www.sebon.gov.np

क्र.सं.	दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान
१.	नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त सि-आस्वा (C-ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु तथा तिनका तोकिएका शाखा कार्यालयहरु ।

१९. धितोपत्र बिक्री खुल्ला अवधि :

स्वीकृत विवरणपत्रद्वारा सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणहरुमा जारी गरिने ऋणपत्रहरुको लागि आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट कम्तिमा ४ कार्य दिन र बढिमा १५ दिन सम्म खुल्ला रहने छ । व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने हकमा धितोपत्र बोर्डबाट स्वीकृति पश्चात् खुल्ला हुनेछ र सार्वजनिक निष्काशनसँगै बन्द हुनेछ ।

२०. निष्काशन बैंक (Bankers to the Issue) :

यस निष्काशनको लागि देहायको बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ

क्र.सं.	बैंकको नाम	खाताको नाम	खाता नं.
१.	प्राइम कमर्सियल बैंक लिमिटेड, कमलपोखरी, काठमाण्डौ ।	Sanima Capital-Prime Debenture,2084	००१०६५४४CA

२१. क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण :

यस बैंकलाई केयर रेटिङ्ग नेपाल लिमिटेडले न्यून कर्जा जोखिम Low credit risk जनाउने "CARE-NP-A-[Pronounced as Single A Minus]" रेटिङ्ग प्रदान गरेको छ । उक्त क्रेडिट रेटिङ्ग प्राप्त संस्थालाई समयमा वित्तीय दायित्व पूरा गर्ने तथा न्यूनतम कर्जा जोखिम रहने संस्थाको रूपमा लिइन्छ । जसले कम्पनीको वित्तीय दायित्व बहन गर्ने क्षमता औसत रहेको (Adequate degree of safety regarding timely servicing offinancial obligations) जनाउँदछ । उक्त रेटिङ्ग एजेन्सीले उच्चतम ग्रेडिङ्ग CARE-NP-AAA" र न्यूनतम ग्रेडिङ्ग CARE-NP-D सम्म प्रदान गर्ने गरेको छ । जसमा रेटिङ्ग "CARE-NP AAA (Is)" ले सकारात्मक आधार जनाउँछ भने "CARE-NP D (Is)" ले नकारात्मक आधारहरू जनाउँछ ।

क्रेडिट रेटिङ्ग प्रदान गरेको मिति : २०७८/११/०४ — क्रेडिट रेटिङ्ग बहाल रहने मिति : २०७९/१०/०८

२२. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

यस सार्वजनिक निष्काशन सम्बन्धमा लगानीकर्ताहरुको गुनासो सुन्न र सो को समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालय सानिमा क्यापिटल लिमिटेड, सम मार्ग, नक्साल, काठमाडौंमा एक विशेष कक्षको ब्यवस्था गरिएको छ । कुनै पनि लगानीकर्ताले यस निष्काशनसँग सम्बन्धित विषयमा कुनै गुनासो वा सुझावका लागि सम्पर्क अधिकृत श्री रश्मी रिजाललाई निजकै कार्यकक्षमा वा निजलाई कार्यालय समयभित्र ०१-४५४०५०८ एक्सटेन्सन नम्बर १०१ मा सम्पर्क गर्न सकिनेछ ।

धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकः

SanimaCapital
(A wholly owned subsidiary of Sanima Bank Ltd.)
केन्द्रीय कार्यालयः सममार्ग, नक्साल-१, काठमाण्डौ, फोन नं. ०१-४५४०५०८/०१-४५३६३७५/०१-४५३५९३६
Email: sanimacapital@sanimabank.com Website: www.sanima.capital